# भेदभावका संकेतहरु बारेमा सतर्क हुनुहोस !

**आवासको उपलब्धता बारे गलत जानकारी:** घर मालिक वा अचल सम्पत्ति एजेन्ट तपाईंलाई घर भाडाको लागि उपलब्ध नभएको जानकारी गराउदछ तर सत्य चाही घर भाडामा नलागेको वा बिक्री पनि नभइ खाली हुन्छ ।

**घर या आपर्टमेन्ट छान्न पाउने अधिकारमा नियन्त्रण :** घर मालिक वा अचल सम्पत्ति एजेन्टले तपाईंलाई त्यस्तो ठाउँमा मात्र आवासको निम्तिप्रस्ताव राख्नु जहाँ अरु परिवारका पनि बच्चा छन या बिषाक्त सिसायुक्त रंग भएको आधारमा तपाईंलाई इच्छा लागेको अपार्टमेन्ट वा घर हेर्नबाट बन्चित गर्नु ।

**घर या आपर्टमेन्ट भाडामा या बेचबिखन गर्न इन्कार गर्नु :** तपाईं या परिवारको कोही सदस्य गर्भवती भएको या कोही सदस्य छ बर्ष मुनिको भएको या त्यो अपार्टमेन्टको कुनै इकाइमा बिषाक्त सिसायुक्त रंग भएको कारणले घर-मालिक वा अचल सम्पत्ति एजेन्टले तपाईंलाई घर भाडामा वा बिक्री गर्नको लागि अस्विकार गर्नु ।

**भेदभावपूर्ण विज्ञापन:** कुनै पनि प्रकारको लिखित बिज्ञापन या मौखिक भनाइले स-साना बालबलिका सदस्य भएको परिवारलाई घर या अपार्टमेन्ट भाडामा लिन या खरिद गर्न अयोग्य भएको जानकारी गराउनु । ( बृद्ध या बुज्रुकको लागि भनेर तोकिएको घर या अपार्टमेन्ट बाहेक )

**उत्पीडन:** तपाईंको परिवारमा स-साना वच्चा रहेको या तपाईंले बिषाक्त सिसायुक्त रंगको निराकरण गर्न अनुरोध गर्नु भएको कारणले घर मालिक, छिमेकी वा अन्य मनिसले तपाईंलाई सताउनु।

**अधिकारको उपयोग नगर्न दबाव :** यदि घर मालिकले बिषाक्त सिसायुक्त रंग भएको तर त्यस्को कारणले तपाईंको बच्चा बिरामी भएको खण्डमा तपाईंले क्षतिपुर्ती नपाउने भनि तपाईंलाई हस्ताक्षर गर्न लगाइ घर-मालिक दोश मुक्त हुन खोज्नु ।

**सामुदायिक कानूनी सहायता**

उस्टर निश्पक्ष आवास परियोजना
४०५ मुख्य सडक, चौथो तल
उस्टर , एम ए ०१६०८

# खतरा: बिषाक्त शिसायुक्त रंग
# खतरा: भेदभाव



**तपाईंको अधिकार संरक्षण गर्नुहोस !**

**सामुदायिक कानूनी सहायता तथा मानव अधिकार कार्यालय अन्तर्गत**

***उस्टर निश्पक्ष आवास परियोजना (WFHP)***

***हामी मद्दत गर्छौं !***

## बिषाक्त सिसायुक्त रंग छ बर्ष र सो मुनिका बच्चाहरुको स्वाश्थको लागि गम्भिर खतरा हो ।



**बिषाक्त सिसायुक्त रंगले बच्चाहरुमा पुराउन सक्ने खतरनाक असरहरु:**

* अवरुद्ध शारिरिक वृद्धि
* श्रवण-शक्तीमा ह्रास
* बौदिक्तामा कमि
* स्नायु र मस्तिष्कमा क्षति
* संभावित मृत्यु

यो प्रकाशन अमेरिकि आवास तथा शहरी विकाश विभागको आर्थिक सहयोगमा संभव भएको हो । यो काम सँग संबन्धित तथ्य तथा निस्कर्ष आममानिसहरुमा समर्पित छ । यो प्रकाशनमा उल्लेख भनाइ तथा व्याख्याहरुको जिम्मेवारी स्वंय प्रकाशक तथा लेखकले लिने छन । पुस्तिकामा उल्लेखित व्याख्याहरुले संघीय सरकारको धारणालाई प्रतीनिधित्व नगर्न पनि सक्दछ ।

## के तपाईंको परिवारमा साना केटाकेटी छन ?

* **के तपाईंलाई घर-मालिकले अपार्टमेन्ट देखाउन अस्विकार गर्छ किनकी त्यो घरमा बिषाक्त शिसायुक्त रंग छ ?**
* **के सिसा बिषको बारेमा घर-मलिकको बिपक्षमा मुद्धा लगाउन पाउने तपाईंको अधिकार प्रयोग नगर्न कसैले तपाईंलाई दबाब दिएको छ ?**
* **के तपाईंको घर-मालिक सिसा बिषको निराकारण गर्न अस्विकार गर्दछ ?**

## यस्तो कार्यहरु गैरकानुनी हुन !

साना केटाकेटी भएको परिवारलाई अपार्टमेन्ट वा घर बिषाक्त सिसायुक्त रंग खतराको स्तर भन्दा माथि भएको आधारमा भाडामा दिन या बिक्री गर्न घर-मालिकले इन्कार गर्दछ भने त्यो कानुनी व्यवस्थाको विरुद्ध हो । यो पनि गैरकानुनी हो कि छ बर्ष मुनिका केटाकेटीहरु बसेको या भबिश्यमा बस्न सक्ने घर या अपार्टमेन्टमा भएको बिषाक्त सिसायुक्त रंग हटाउन यदी घर मालिक इन्कार गर्दछन। बिषाक्त सिसायुक्त रंग हटाउन लाग्ने पैसा घर-मालिकले भाडावाल सँग उठाउन मिल्दैन ।

## तपाईं के गर्न सक्नुहुन्छ:

* बिषाक्त सिसायुक्त रंग भएको कारणले तपाईंले हेर्न बन्चित हुनु भएको अपार्टमेन्टको सबै विज्ञापन सुरक्षित राख्नुहोस र सोही कारणले तपाईंलाई अन्य ठाउँमा घरचलान गर्न खोज्ने मनिसको नाम थाहा पाउनुहोस ।
* घर-मालिकलाई बिषाक्त सिसामुक्त घर प्रमाणपत्र बारेमा सोध्नुहोस वा सिसा निरीक्षकको लागि व्यवस्था गर्नुहोस । सबै अनुरोधहरुको लिखित रुपमा समय अनुरुप जानकारी लिनुहोस ।
* सहायताको लागि उस्टर निश्पक्ष आवास परियोजना (WFHP)मा फोन सम्पर्क गर्नुहोस ।

## WFHP के गर्न सक्छ ?:

* तपाईंको घर मालिकलाई बिषाक्त सिसायुक्त रंग हटाउने जिम्मेवारी घर-मालिकको हो भनि सुझाव दिन सक्छ ।
* बिषाक्त सिसायुक्त रंग निरकरणको समयमा तपाईंको अधिकार सुरक्षित गर्न सहयोग गर्दछ।
* घर-मालिकले बिषाक्त सिसायुक्त रंग संबन्धित कानुनी व्यवस्था पालन गर्न असफल भएमा अदालतमा तपाईंको प्रतिनिधित्व गर्दछ ।

**निश्पक्ष आवास एक कानुन हो जसले तपाईंको घर या आपर्टमेन्टमा तपाईंको अधिकार रक्षा गर्दछ ।**

***सधैं सबै किषिमका भेदभावका घटना हरु हामीलाई जानकारी गराउनुहोस ।***

**सम्पर्क**
**क्याथ्रीन न्याश**
**मानव अधिकार कार्यालय**
**सिटी हल, कोठा नं ३०३, ४५५ मुख्य सडक**
**५०८-०-७९९-८४८६**
**nashc@worcesterma.gov**